


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५३ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.
वर्ष २६ अंक १ | साउन – असोज २०७५ | Year 26 Vol 1 | Aug. 2018 - Oct. 2018

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मुनाफा ४ अर्ब ३२ करोड

**काठमाडौं, १ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले गत आर्थिक वर्ष २०७४/०७५ मा अपरिस्कृत खुद मुनाफा ४ अर्ब ३२ करोड रुपैंया गरेको छ । बैंकको खुद ब्याज आम्दानीमा बृद्धि भएकाले गत आवमा यो मुनाफा हासिल गर्न सफल भएको बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बताउनु भएको छ । यो नाफा अघिल्लो आर्थिक वर्षमा २ अर्ब ७७ करोड रुपैया थियो । जुन गत वर्ष अघिल्लो आर्थिक वर्षको तुलनामा ५५.९५ प्रतिशतले बढी हो । २०७५ असार मसान्तसम्ममा बैंकले १ खर्ब ६९ अर्ब रुपैंया निक्षेप संङ्कलन गरी १ खर्ब २० अर्ब रुपैंया कर्जा लगानी गरेको छ ।



चुक्तापूंजी ९ अर्ब ४७ लाख रुपैंया रहेको बैंकको संचित कोष ८ अर्ब ४ करोड रुपैंया रहेको छ । गत आवमा बैंकले १२ अर्ब २१ करोड रुपैंया ब्याज आम्दानी भई २ अर्ब ९८ करोड रुपैंया ब्याज खर्च गरी ९ अर्ब २३ करोड रुपैंया खुद ब्याज आम्दानी गरेको छ । यस अवधिमा बैंकको ४४ अर्ब रुपैया लगानी रहेको छ । गत आवमा बैंकले १ अर्ब ५१ करोड रुपैंया राइट ब्याक गरेको छ भने कर्जा नोक्सानी व्यवस्थामा १ अर्ब ८८ करोड रुपैयाँ थप व्यवस्था गरेको छ । २०७५ असार मसान्तमा बैंकको NPA ४.२५ प्रतिशत रहेको छ । गत आवमा बैंकको सीसीडी रेसियो ६६.८४ प्रतिशत रहेको छ भने बेस रेट ६.२० प्रतिशत रहेको छ । बैंकको हाल ७४ जिल्लामा २०७ वटा शाखा कार्यालय, १४२ वटा एटिएम र ९३ वटा शाखा रहित बैंकिङ्ग, ४ लाख ७५ हजार भिसा डेविट कार्ड होल्डर र ९ लाख ५० हजार मोबाइल बैंकिङ्ग सेवाका ग्राहकहरु रहेका छन् ।

## विभाग स्तरीय गोष्ठी सम्पन्न



**काठमाडौं, १९ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको उच्च व्यवस्थापन, विभागीय प्रमुखहरु, क्षेत्रीय प्रवन्धकहरु, मुख्य शाखा कार्यालय, कर्पोरेट शाखाका प्रवन्धक सम्मिलित लक्ष्य प्रगति समीक्षा तथा भावि रणनीति तर्जुमा गोष्ठी सम्पन्न भएको छ । सो गोष्ठीको बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले उद्घाटन गर्नुभयो । ललितपुरको गोदावरी भिलेज रिर्सोटमा दुई दिन सम्म संचालित सो गोष्ठीमा बैंक संचालक समितिका सदस्यहरु, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतद्वय भुपेन्द्र पाण्डे, कबिराज अधिकारी, नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, केसवप्रसाद लम्साल, टेकराज जोशी, उद्धवप्रसाद खनाल, नरेशराज अर्याल, विभागीय प्रमुखहरु, क्षेत्रीय कार्यालयका प्रवन्धकहरु, मुख्य शाखा कार्यालयका प्रवन्धक, कर्पोरेट शाखाका प्रवन्धक र निकट भविष्यमै विभाग तथा क्षेत्रीय कार्यालयहरुको जिम्मेवारी बहन गर्न लाग्नु भएका वरिष्ठ प्रवन्धकहरु लगायतको उपस्थिति रहेको थियो ।



## रामेछापको सांघुटारमा रावा बैंकको शाखा शुभारम्भ




**रामेछाप, १६ साउन**

रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा न. ३ स्थित सांघुटारमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको २०५ औं शाखा कार्यालय सांघुटारको एक समारोहका बीच शुभारम्भ गरिएको छ । उक्त शाखाको प्रदेश न.३ का आर्थिक मामिला तथा योजना मन्त्री माननीय कैलाश ढुङ्गेलले एक समारोहका बीच समुद्घाटन गर्नुभयो । सो समारोहमा प्रमुख अतिथि प्रदेश न.३ का आर्थिक मामिला तथा योजना मन्त्री माननीय कैलाश ढुङ्गेलले स्थानीय जनताहरुले बैंकबाट कारोबार गरी व्यवसायिक किसिमले कृषि उत्पादन गरेर फाइदा लिनु सक्नु पर्ने वताउनुभयो । बैंकका काठमाडौं क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रवन्धक राजेन्द्र दाहालको सभापतित्वमा सम्पन्न उक्त समारोहमा रामेछाप क्षेत्र न.१ख का प्रदेश सभा सांसद माननीय शान्तिप्रसाद पौडेल, पूर्व सासंद रामहरि खतिवडा, बैंकका नायब महाप्रवन्धक उद्धबप्रसाद खनाल, स्थानीय समाजसेवी बद्रिदास भौकाजी, राजनीतिकदलका प्रतिनिधि लवश्री न्यौपाने, रामेछाप उद्योग वाण्जिय संघका बरिष्ठ उपाध्यक्ष केसब घिमिरे, रामेछाप न.पा. वडा न.३ का वडा अध्यक्ष भुपालराज श्रेष्ठ, स्थानीय उद्यमी व्यवसायी तथा सर्वसाधारणको भव्य उपस्थिति रहेको थियो ।

## बाराको गंजभवानीपुरमा रावा बैंकको शाखा शुभारम्भ




**काठमाडौं, ३० साउन**

बारा जिल्लाको महागढीमाई नगरपालिका वडा न. ३ गंजभवानीपुर स्थित राष्ट्रिय वाणिज्य बैक लिमिटेडको २०६ औं शाखा कार्यालय गंजभवानीपुरको एक समारोहका बीच बुधबार शुभारम्भ गरिएको छ । उक्त शाखाको रावा बैंक संचालक समितिका सदस्य जनककुमार बरालले समुद्घाटन गर्नुभयो । सो समारोहमा प्रमुख अतिथि संचालक बरालले राष्ट्रिय वाणिज्य बैंक सरकारी बैंक भएकाले यसको मालिक पनि जनता भएको र संरक्षण पनि जनतालेनै गर्नुपर्ने वताउनुभयो । बैंकका बीरगंज क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रवन्धक मनोज बर्माको सभापतित्वमा सम्पन्न उक्त समारोहमा बारा क्षेत्र न.२ का प्रतिनिधि सभा सांसद माननीय रामसहाय यादब, २ नम्बर प्रदेश सभा सासंद माननीय शारदा शंकर साह, बैंकका नायब महाप्रवन्धक उद्धबप्रसाद खनाल, उद्योग वाणिज्य संघ गंजभवानीपुरका अध्यक्ष रुस्तम अन्सारी, राजनीतिकदलका प्रतिनिधि, स्थानीय उद्यमी व्यवसायी तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

## प्रमुख कार्यकारी अधिकृत सम्माननीय राष्ट्रपतिबाट विभूषित

सम्माननीय राष्ट्रपतिबाट २०७५ असोज ३ गते संविधान दिवसका दिन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलाई सुप्रबल जनसेवा श्री (तृतीय श्रेणी) पदकद्वारा विभूषित गर्ने घोषणा गरिएको छ ।

## प्रमुख कार्यकारी अधिकृतद्धारा दुई बालबालिकाको अभिभावकत्व ग्रहण

**काठमाडौं, २४ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले दुई जना बालबालिकाको अभिभावकत्व ग्रहण गर्दै विद्यार्थी भर्ना अभियान-२०७५ मा एक कार्यक्रममा बीच सहभागी हुनुभएको छ । प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले भक्तपुर सुर्यविनायक न.पा वडा न.-८ सिपाडोल स्थित शान्ति निकेतन माध्यामिक विद्यालय कक्षा १ र ४ मा अध्यनरत विपन्न, जेहेन्दार र अभिभावक विहिन बालबालिका सजिना तामाङ्ग र दिनेश आलेमगरको अभिभावकत्व ग्रहण गरी कक्षा दश सम्मको शैक्षिक जिम्मेवारी लिनु भएको हो ।

## रावा बैक र नर्भिक इन्टरनेशनल हस्पिटल बीच सम्झौता



**काठमाडौं, ३० साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नर्भिक इन्टरनेशनल हस्पिटल बीच बैंकका कार्डहोल्डरहरुलाई हस्पिटलले दिने सेवामा १० प्रतिशत सम्म छुट दिने सम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी र नर्भिक इन्टरनेशनल हस्पिटलका कार्यकारी निर्देशक राजेन्द्र बहादुर सिंहले हस्ताक्षर गर्नुभएको छ । उक्त सम्झौता भएपश्चात राष्ट्रिय वाणिज्य बैंकका काडहोल्डरहरु र तिनका परिवारले हस्पिटलको प्याथोलोजी, रेडियोलोजी, सीटी स्क्यान, एमआरआई, म्यामोग्राम, कार्डीक नन इन्भेसिभ परिक्षण, सर्जिकल शुल्कमा १० प्रतिशत र बेड शुल्क तथा वार्षिक स्वास्थ्य प्याकेजमा थप ५ प्रतिशत छुट पाउने छन् । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, केशबप्रसाद लम्साल, टेकराज जोशी, नरेशराज अर्याल, विभागीय प्रमुख रिको स्थापित, नर्भिक इन्टरनेशनल हस्पिटलका तर्फबाट मूख्य मार्केटिङ्ग अधिकृत प्रविन डावर, सहायक प्रवन्धक सुष्मा ढकाल लगायतको उपस्थिती रहेको थियो ।

## आरविवि मर्चेन्ट बैंकिङ्ग नेपाल पुनर्बीमा कम्पनीको धितोपत्र बिक्री प्रवन्धक

**काठमाडौं, ६ भदौ**

नेपाल पुनर्बीमा कम्पनी लि. ले प्रति शेयर रु. १०० अंकित दरको १ करोड ६० लाख कित्ता साधारण शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गर्नको लागि राष्ट्रिय वाणिज्य बैंक लिमिटेको सहायक कम्पनी आरविवि मर्चेण्ट बैंकिङ्ग लिमिटेड, टेकु, काठमाण्डौ लाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ । सो शेयर निष्काशन सम्बन्धी सम्झौता–पत्रमा नेपाल पुनर्बीमा कम्पनी लि.को तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री चिरायु भण्डारी र आरविवि मर्चेण्ट बैंकिङ्ग लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा.रमेश कुमार भण्डारीले हस्ताक्षर गर्नु भयो । यस नेपाल पुनर्बीमा कम्पनी लि.को अधिकृत पूँजी रु.१५ अर्ब, जारी पूँजी रु. १० अर्ब, र चुक्ता पूँजी रु. ८ अर्ब ४० करोड रहेको छ भने सर्वसाधारणहरुलाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात संस्थाको चुक्ता पूँजी रु.१० अर्ब हुनेछ ।

# प्रवन्धक स्तरीय क्षेत्रीय गोष्ठीहरू सम्पन्न




**काठमाडौं, २४ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ब्रान्च अपरेशन विभागको आयोजना, तालिम तथा विकास विभागको व्यवस्थापन र क्षेत्रीय कार्यालयहरुको संयोजनमा विभिन्न क्षेत्रमा शाखा प्रबन्धकस्तरीय लक्ष्य प्रगति समिक्षा एवं रणनीति तर्जुमा गोष्ठी सम्पन्न भएका छन् । सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले लिएको भिजन, मिसनको मूल्यलाई बुझेर हरेक शाखाले आफ्नो आफ्नो लक्ष्य पुरा गरी व्यवसाय बृद्धि गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । साथै उहांले शाखाहरुले राज्यले लिएका लक्ष्यलाई सघाउ पुर्‍याउदैं जोखिम न्यूनिकरणका सम्बन्धमा नियमन निकायले दिएका निर्देशनहरुको पूर्ण रुपमा परीपालाना गनुपर्ने विचार व्यक्त गर्नुभयो ।



**विराटनगर क्षेत्र**

आ.व. २०७४।०७५ को लक्ष्य प्रगति समिक्षा तथा आ.व. २०७५।०७६ को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तर्जुमा गर्न क्षेत्रीय कार्यालय विराटनगर अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी भदौ १ देखि ३ गते विराटनगरमा सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंक संचालक समितिका सदस्य जनककुमार बराल, प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव महाप्रबन्धकहरु टेकराज जोशी, उद्धवप्रसाद खनाल, आन्तरीक लेखापरीक्षण विभागका प्रमुख देबेन्द्ररमण खनाल, जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभागका प्रमुख दुर्गादेबी कंडेल, तालिम तथा विकास विभागका उप प्रमुख विनोदकुमार नेपाल, कानून विभागका उप प्रमुख शिवकुमार अधिकारी, ब्रान्च अपरेशन विभागका उप प्रमुख राज्य लक्ष्मी खड्गी, कर्जा असुली तथा पुनसंरचना विभागका उप प्रमुख गायत्री श्रेष्ठ, कर्जा विभागका उप प्रमुख बेनी श्रेष्ठ, निमित्त क्षेत्रीय प्रबन्धक ऋषब भट्टराई लगायत विराटनगर क्षेत्रीय कार्यालय अन्तरगतका ४५ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागीता रहेको थियो । सो गोष्ठीमा लक्ष्मीप्रपन्न निरौला, हरिकुमार नेपाल, रोशन जोशी, देबेन्द्ररमण खनाल, शिवकुमार अधिकारी, बेनी श्रेष्ठले संचालन जोखिम व्यवस्थापन, कानून, बैंकिङ्ग व्यवसाय र AML /CFT सम्बन्धी प्रशिक्षण दिनु भएको थियो ।

**काठमाडौं क्षेत्र**

आ.व. २०७४।०७५ को लक्ष्य प्रगति समिक्षा तथा आ.व. २०७५।०७६ को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तर्जुमा गर्न क्षेत्रीय कार्यालय काठमाडौं अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी भदौ ७ देखि ९ गते नगरकोटमा सम्पन्न भएको छ। सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव महाप्रबन्धक, उद्धवप्रसाद खनाल, आन्तरीक लेखापरीक्षण विभागका प्रमुख देबेन्द्ररमण खनाल, जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभागका प्रमुख दुर्गादेबी कंडेल, तालिम तथा विकास विभागका उप प्रमुख विनोदकुमार नेपाल, कानून विभागका उप प्रमुख शिवकुमार अधिकारी, ब्रान्च अपरेशन विभागका उप प्रमुख राज्य लक्ष्मी खड्गी, कर्जा असुली तथा पुनसंरचना विभागका उप प्रमुख गायत्री श्रेष्ठ, कर्जा विभागका उप प्रमुख बेनी श्रेष्ठ, निमित्त क्षेत्रीय प्रबन्धक सोनी श्रेष्ठ लगायत काठमाडौं क्षेत्रीय कार्यालय अन्तरगतका ४६ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागीता रहेको थियो । सो गोष्ठीमा बमप्रसाद मिश्र, हरिकुमार नेपाल, रोशन जोशी, देबेन्द्ररमण खनाल, शिवकुमार अधिकारी, बेनी श्रेष्ठले संचालन जोखिम व्यवस्थापन, कानून, बैंकिङ्ग व्यवसाय र AML /CFT सम्बन्धी प्रशिक्षण दिनु भएको थियो ।

**पोखरा क्षेत्र**

आ.व. २०७४।०७५ को लक्ष्य प्रगति समिक्षा तथा आ.व. २०७५।०७६ को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तर्जुमा गर्न क्षेत्रीय कार्यालय पोखरा अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी भदौ १५ देखि १७ गते पेखरामा सम्पन्न भएको छ। सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, नायव महाप्रबन्धकहरु केसबप्रसाद लम्साल, टेकराज जोशी, आन्तरीक लेखापरीक्षण विभागका प्रमुख देबेन्द्ररमण खनाल, जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभागका प्रमुख दुर्गादेबी कंडेल, तालिम तथा विकास विभागका उप प्रमुख विनोदकुमार नेपाल, कानून विभागका उप प्रमुख शिवकुमार अधिकारी, ब्रान्च अपरेशन विभागका उप प्रमुख राज्य लक्ष्मी खड्गी, कर्जा असुली तथा पुनसंरचना विभागका उप प्रमुख गायत्री श्रेष्ठ, कर्जा विभागका उप प्रमुख बेनी श्रेष्ठ, निमित्त क्षेत्रीय प्रबन्धक जगजीवन राम श्रेष्ठ लगायत पोखरा क्षेत्रीय कार्यालय अन्तरगतका ४२ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागीता रहेको थियो । सो गोष्ठीमा लक्ष्मीप्रपन्न निरौला, हरिकुमार नेपाल, रोशन जोशी, देबेन्द्ररमण खनाल, शिवकुमार अधिकारी, बेनी श्रेष्ठले संचालन जोखिम व्यवस्थापन, कानून, बैंकिङ्ग व्यवसाय र AML /CFT सम्बन्धी प्रशिक्षण दिनु भएको थियो ।

**नेपालगंज क्षेत्र**

आ.व. २०७४।०७५ को लक्ष्य प्रगति समिक्षा तथा आ.व. २०७५।०७६ को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तर्जुमा गर्न क्षेत्रीय कार्यालय नेपालगंज अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी भदौ २२ देखि २४ गते नेपालगंजमा सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायव महाप्रबन्धक टेकराज जोशी, आन्तरीक लेखापरीक्षण विभागका प्रमुख देबेन्द्ररमण खनाल, जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभागका प्रमुख दुर्गादेबी कंडेल, तालिम तथा विकास विभागका उप प्रमुख विनोदकुमार नेपाल, कानून विभागका उप प्रमुख शिवकुमार अधिकारी, ब्रान्च अपरेशन विभागका उप प्रमुख राज्य लक्ष्मी खड्गी, कर्जा असुली तथा पुनसंरचना विभागका उप प्रमुख गायत्री श्रेष्ठ, कर्जा विभागका उप प्रमुख बेनी श्रेष्ठ, निमित्त क्षेत्रीय प्रबन्धक

आनन्द सुवेदी लगायत नेपालगंज क्षेत्रीय कार्यालय अन्तरगतका ४३ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागीता रहेको थियो । सो गोष्ठीमा किरण पण्डित, नारायणप्रसाद पोखरेल, रोशन जोशी, देबेन्द्ररमण खनाल, शिवकुमार अधिकारी, बेनी श्रेष्ठले संचालन जोखिम व्यवस्थापन, कानून, बैंकिङ्ग व्यवसाय र AML /CFT सम्बन्धी प्रशिक्षण दिनु भएको थियो ।

**वीरगंज क्षेत्र**

आ.व. २०७४।०७५ को लक्ष्य प्रगति समिक्षा तथा आ.व. २०७५।०७६ को लक्ष्य र सो प्राप्तीको लागि रणनीति तर्जुमा गर्न क्षेत्रीय कार्यालय वीरगंज अन्तरगतका शाखा प्रबन्धकहरुको गोष्ठी भदौ २९ देखि ३१ गते चितवनको सौराहमा सम्पन्न भएको छ । सो गोष्ठी कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, नायव महाप्रबन्धक टेकराज जोशी, आन्तरीक लेखापरीक्षण विभागका प्रमुख देबेन्द्ररमण खनाल, जोखिम व्यवस्थापन तथा कर्जा अनुगमन विभागका प्रमुख दुर्गादेबी कंडेल, तालिम तथा विकास विभागका उप प्रमुख विनोदकुमार नेपाल, कानून विभागका उप प्रमुख शिवकुमार अधिकारी, ब्रान्च अपरेशन विभागका उप प्रमुख राज्य लक्ष्मी खड्गी, कर्जा असुली तथा पुनसंरचना विभागका उप प्रमुख गायत्री श्रेष्ठ, कर्जा विभागका उप प्रमुख बेनी श्रेष्ठ, क्षेत्रीय प्रबन्धक मनोज बर्मा लगायत वीरगंज क्षेत्रीय कार्यालय अन्तरगतका २८ शाखा कार्यालयका प्रबन्धकहरुको सहभागीता रहेको थियो । सो गोष्ठीमा हरिकुमार नेपाल, प्रल्हाद गिरी, रोशन जोशी, देबेन्द्ररमण खनाल, शिवकुमार अधिकारी, बेनी श्रेष्ठले संचालन जोखिम व्यवस्थापन, कानून, बैंकिङ्ग व्यवसाय र AML /CFT सम्बन्धी प्रशिक्षण दिनु भएको थियो ।

## आलेप सम्बन्धी गोष्ठी सम्पन्न



**काठमाडौं, २६ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड आन्तरीक लेखापरीक्षण विभागको आयोजना, तालिम तथा विकास विभागको व्यवस्थापन र समन्वयनमा आन्तरीक लेखापरीक्षण सम्बन्धी गोष्ठी गत साउन २५ र २६ गते सम्पन्न भएको छ । सो गोष्ठीको बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले उद्घाटन गर्नुभयो । धुलिखेलको मिरावेल रिसोर्टमा दुई दिन सम्म संचालित सो गोष्ठीमा बैंक संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, टेकराज जोशी, उद्धबप्रसाद खनाल, विभागीय प्रमुखहरु, आलेप विभागमा कार्यरत कर्मचारीहरु, क्षेत्रीय आलेप इकाइमा कार्यरत कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो । सो कार्यक्रममा आई.एस. अडिट, लेखापरीक्षण सम्बन्धी प्रशिक्षण, अडिट एप्रोच टु एमएल सीएफटी, इथिक्स इन अडिट विषयमा नेपाल राष्ट्र बैंकका पूर्व गर्भनर दिपेन्द्रबहादुर क्षेत्री, नेरा बैंकका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ, विभागीय प्रमुखहरु देबेशप्रसाद लोहनी, देबेन्द्ररमण खनाल, उप निर्देशक हरिकुमार नेपालले विषयगत प्रशिक्षण दिनुभएको थियो ।

**मानव संशाधन**

## तालिम विदेश




सन् २०१८ अक्टोबर ६ देखि १० सम्म Asia Pacific Rural and Agriculture Credit Association (APRACA) ले श्रीलंकामा संचालित "70th EXCOM Meeting and 21th General Assembly तथा Financing Micro, SME Solutions for Missing Middle " विषयक कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नायब महाप्रवन्धक टेकराज जोशीले सफलतापूर्वक भाग लिनुभयो ।



सन् २०१८ सेप्टेम्बर १८ देखि २१ सम्म यूएईमा संचालित "Exposure Visit to Emirates Institute for Banking & Finance Studies (EIBFS)" विषयक कार्यक्रममा बैंकका नायब महाप्रवन्धक केशवप्रसाद लम्साल र मूख्य प्रवन्धक विमल डंगोलले सफलतापूर्वक भाग लिनुभयो ।

## सुचना अधिकारीको जिम्मेवारी थप



राष्ट्रिय वाणिज्य बैंक लिमिटेड व्यवस्थापन समितिको मिति २०७५ असोज ९ गतेको निर्णय अनुसार नायब महाप्रवन्धक टेकराज जोशीलाई सुचना अधिकारीको जिम्मेवारी थप गरिएको छ ।

## कर्पोरेट ब्रान्चद्वारा विदेशी मुद्रा सटही कारोबारको शुभारम्भ



**काठमाडौं, १ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको केन्द्रीय कार्यालय परिसर स्थित सिंहदरबारप्लाजामा रहेको कर्पोरेट शाखाले विदेशी मुद्रा सटहीको कारोबार शुभारम्भ गरेको छ । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारीले कान्ति बाल अस्पतालका फिजियो थेरापिस्ट सुदिप रञ्जितलाई विदेशी मुद्रा हस्तान्तरण गरी सटही कारोबारको शुभारम्भ गर्नु भएको छ ।

मानव संशाधन

# पूर्व सेवाकालिन तालिम सम्पन्न



**काठमाडौं, १० साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा खुला प्रतिस्पर्धाद्वारा छनौट भएका सहायक प्रवन्धक(तह ६) का जम्मा ८२ जना नव नियुक्त कर्मचारीहरुलाई गत साउन ४ देखि १० गते सम्म काठमाडौंमा एक कार्यक्रममा बीच तालिम प्रदान गरिएको छ । बैंकका मानव संशाधन विभागका प्रमुख कपिलमणि ज्ञवालीले पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको छ । सो कार्यक्रममा शपथ ग्रहण पश्चात बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नव नियुक्त कर्मचारीहरुलाई सैद्धान्तिक रुपमा पढेर आएको ज्ञानलाई व्यवहारिक रुपमा प्रयोग गर्दै बैंकप्रति ग्राहक सेवाका विषयमा आएका गुनासाहरुलाई कामको माध्यमबाट समाधान गर्न सुझाव दिनुभयो । सो कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, केसबप्रसाद लम्साल, टेकराज जोशी, उद्धबप्रसाद खनाल, नरेशराज अर्याल, विभागीय प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो । सो तालिम कार्यक्रममा जनरल बैंकिङ्ग, कर्जा, सुचना प्रविधि, कानून, जोखिम व्यवस्थापन, AML/CFT, ग्राहक सम्बन्ध व्यवस्थापन लगायतको विषयमा बैंक भित्रका आन्तरीक प्रशिक्षकहरु तथा बाह्य प्रशिक्षकहरु डा. राजु अधिकारी, उत्तम आचार्य, राजन बिक्रम थापा लगायतले प्रशिक्षण दिनुभएको थियो । सो कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालकका अध्यक्ष हेमराज सुवेदी, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले नव नियुक्त कर्मचारीहरुलाई बधाई तथा शुभकामना मन्तव्य दिनुभएको थियो ।



**काठमाडौं, १४ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा खुला प्रतिस्पर्धाद्वारा छनौट भएका बरिष्ठ सहायक (तह ५), प्रशासन, नगद समुह तथा आईटी समुहका ७० जना नव नियुक्त कर्मचारीहरुलाई गत साउन ९ देखि १४ गते सम्म काठमाडौंमा एक कार्यक्रममा बीच तालिम प्रदान गरिएको थियो । बैंकका मानव संशाधन विभागका प्रमुख कपिलमणि ज्ञवालीले पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको छ । सो कार्यक्रममा शपथ ग्रहण पश्चात बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नव नियुक्त कर्मचारीहरुलाई उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई व्यवस्थापनले भविष्यमा शाखाको जिम्मेबारी समेत तोक्न सक्ने बताउनुभयो । सो कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायब महाप्रवन्धकहरु केसबप्रसाद लम्साल, उद्धबप्रसाद खनाल, विभागीय प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो । सो तालिम कार्यक्रममा जनरल बैंकिङ्ग, कर्जा, सुचना प्रविधि, कानून, जोखिम व्यवस्थापन, AML/CFT, ग्राहक सम्बन्ध व्यवस्थापन लगायतको विषयमा बैंक भित्रका आन्तरीक प्रशिक्षकहरु तथा बाह्य प्रशिक्षकहरु डा. राजु अधिकारी, उत्तम आचार्य, वीरकाजी शाक्य, धर्मरत्न शाक्य, दिपकरत्न शाक्य, रमेशकुमार भण्डारी लगायतले प्रशिक्षण दिनुभएको थियो । सो कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालकका अध्यक्ष हेमराज सुवेदी, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले नव नियुक्त कर्मचारीहरुलाई बधाई तथा शुभकामना मन्तव्य दिनुभएको थियो ।

**काठमाडौं, ११ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा खुला प्रतिस्पर्धाद्वारा छनौट भएका सहायक (तह ४), प्रशासन, नगद तथा आईटी समुहका जम्मा २८२ जना नव नियुक्त प्रशासन समुहका कर्मचारीहरुलाई गत भदौ २८ देखि असोज २ गते र नगद तथा आइटी समुहका कर्मचारीहरुलाई गत असोज ७ देखि असोज ११ गते सम्म काठमाडौंमा एक कार्यक्रममा बीच तालिम प्रदान गरिएको थियो। बैंकका मानव संशाधन विभागका प्रमुख विनयरमण पौडेलले पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको छ । सो कार्यक्रममा शपथ ग्रहण पश्चात बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नव नियुक्त कर्मचारीहरुलाई रावा बैंक अहिले बजारमा एक नम्बरको रहेको र सो गरिमालाई कायम राख्न सक्ने गरी कार्य गर्नुपर्ने बताउनुभयो ।। सो कार्यक्रममा बैंकका नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, केसबप्रसाद लम्साल, विभागीय प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो। सो तालिम कार्यक्रममा जनरल बैंकिङ्ग, कर्जा, सुचना प्रविधि, कानून, जोखिम व्यवस्थापन, AML/CFT, ग्राहक सम्बन्ध व्यवस्थापन लगायतको विषयमा बैंक भित्रका आन्तरीक प्रशिक्षकहरु तथा बाह्य प्रशिक्षकहरु डा. राजु अधिकारी, उत्तम आचार्य, वीरकाजी शाक्य, धर्मरत्न शाक्य, दिपकरत्न शाक्य, रमेशकुमार भण्डारी लगायतले प्रशिक्षण दिनुभएको थियो । सो कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालकका अध्यक्ष हेमराज सुवेदी, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले नव नियुक्त कर्मचारीहरुलाई बधाई तथा शुभकामना मन्तव्य दिनुभएको थियो ।

# एक्जुकेटिभ लिडरसिप तालिम कार्यक्रम सम्पन्न

**काठमाडौं, २५ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको नेतृत्व तहमा कार्य गरी रहेका मुख्य प्रवन्धक तथा बरिष्ठ प्रवन्धक तहमा कार्यरत कर्मचारीहरुलाई गत साउन २० देखि २५ गते सम्म एक्जुकेटिभ लिडरसिप तालिम प्रदान गरिएको छ । सो तालिम कार्यक्रमको बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले उद्घाटन गर्नुभयो । ललितपुरको गोदावरी भिलेज रिर्सोटमा छ दिन सम्म संचालित ३० जना कर्मचारी सम्मिलित कार्यक्रममा बैंक संचालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नेशनल बैंकिङ्ग इन्स्टिच्युट लिमिटेड (NBI) का प्रमुख कार्यकारी अधिकृत संजिव सुब्बा, विभागीय प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो। सो कार्यक्रममा इफेक्टिभ ब्रान्च म्यानेजमेन्ट, क्रेडिट म्यानेजमेन्ट, रिस्क म्यानेजमेन्ट, कम्युनिकेशन एण्ड टीम बिल्डिङ्ग र प्रोजेक्ट फाइनान्सीयल विषयमा विकल शेरचन, उषासिंह मल्ल, हरिकुमार नेपाल, विमल डांगा, प्रभिन बस्नेत, प्रविन रेग्मी, अजय श्रेष्ठले विषयगत प्रशिक्षण दिनुभएको थियो ।

**काठमाडौं, १६ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको नेतृत्व तहमा कार्य गरी रहेका प्रवन्धक तहमा कार्यरत कर्मचारीहरुलाई गत असोज १३ देखि १६ गते सम्म एक्जुकेटिभ लिडरसिप तालिम प्रदान गरिएको छ । सो तालिम कार्यक्रमको बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले उद्घाटन गर्नुभयो। नगरकोटको कन्ट्रि भिल्ला रिर्सोटमा चार दिन सम्म संचालित तालिम कार्यक्रममा ३० जना कर्मचारीहरुको सहभागिता रहेको थियो । सो कार्यक्रममा इफेक्टिभ ब्रान्च म्यानेजमेन्ट, क्रेडिट म्यानेजमेन्ट, रिस्क म्यानेजमेन्ट, कम्युनिकेशन एण्ड टीम बिल्डिङ्ग र प्रोजेक्ट फाइनान्सीयल विषयमा अजय श्रेष्ठ, उषासिंह मल्ल, बासुदेब अधिकारी, निराजन कंडेलले विषयगत प्रशिक्षण दिनुभएको थियो ।

युनियन गतिविधि

# राबा बैंक कर्मचारी संघ नेपालको २९ औं वार्षिकोत्सब कार्यक्रम सम्पन्न




**काठमाडौं, ६ साउन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको २९ औं वार्षिकोत्सव कार्यक्रम विविध कार्यक्रमका बीच सम्पन्न भएको छ। पेशागत महासंघ नेपालका अध्यक्ष एवं नेकपाका केन्द्रीय सदस्य विश्वनाथ प्याकुरेलले एक समारोहका बीच २९ औं वार्षिकोत्सब मुल कार्यक्रमको समुदघाटन गर्नुभयो। सो अवसरमा अध्यक्ष प्याकुरेलले नयां परिस्थिति अनुसार आन्दोलनका स्वरुप परिवर्तन गर्नुपर्छ भन्दै ट्रेड युनियन आन्दोलनमा मजदुर र व्यवस्थापन बीचको समस्या वार्ता र छलफलबाटै समाधान गरिनुपर्ने बताउनुभयो। राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालकका अध्यक्ष हेमराज सुवेदीको अध्यक्षतामा पुरस्कार वितरण तथा समापन कार्य सम्पन्न भएको थियो। सो कार्यकममा बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (BIFU) नेपालका राष्ट्रिय अध्यक्ष नारायण प्रसाद सुवेदी, बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, कर्मचारी संघ नेपालका पूर्व अध्यक्ष राजेन्द्र ज्ञवाली, कृषि विकास बैंक कर्मचारी संघका अध्यक्ष कुलप्रसाल शर्मा, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो।

२९ औं वर्षिकोत्सव अवसरमा ९० जना बैंक कर्मचारीहरुले रक्तदान गर्नुभएको थियो। वीर्षिकोत्सवको अवसरमा जोरपाटि स्थित बुद्धिष्ट बालगृहमा अनाथ बालबालिकाहरुलाई खाना खुवाइएको थियो भने रावा बैंकको केन्द्रीय कार्यालय सिंहदरबारप्लाजा परिसर सरसफाई गरिएको थियो। साथै सो अवसरमा बैंक कर्मचारीहरु बीच भएको तातो आलु नामक खेल प्रतियोगिता समेत संचालन गरिएको थियो। कर्मचारी संघमा आवद्ध निवृत ११२ जना बैंक कर्मचारीहरुलाई संघको आजिवन सदस्य पदक प्रदान गरिएको थियो। २०७४ सालको माध्यामिक शिक्षा परीक्ष SEE मा उत्कृष्ट जीपिए प्राप्त गर्ने कर्मचारी संघमा आवद्ध बैंक कर्मचारीहरुका ७ जना छोरा छोरीहरुलाई राविया छात्रवृत्ति पुरस्कार प्रदान गरिएको थियो। कर्मचारी संघ नेपालका महासचिव लक्ष्मीप्रसाद पाण्डेयले संचालन गर्नुभएको सो कार्यकममा वरिष्ट उपाध्यक्ष रामप्रसाद जोशीले स्वागत मन्तब्य दिनुभएको थियो। कार्यकममा बैंकका संचालकहरु, नायब प्रमुख कार्यकारी अधिकृत, नायब महाप्रवन्धकहरु, विभागीय प्रमुखहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# वि.पी. जयन्तीको उपलक्ष्यमा विचार गोष्ठी सम्पन्न




**काठमाडौं, २२ भदौ**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि.को आयोजनामा आजको सन्दर्भमा विपीको विचार र ट्रेड युनियन अधिकार विषयक विचार गोष्ठी सम्पन्न भएको छ। उक्त कार्यक्रम नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि अध्यक्ष गगनसिंह घिमिरको सभापतित्व तथा नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। सो अवसरमा नेता सिंहले समयको मागसंगै ट्रेड युनियन अधिकारकर्मीहरु पनि परिवर्तन हुनुपर्ने र नेपालमा ट्रेड युनियनको विकासमा वि.पी.को विचारको पनि योगदान रहेको बताउनुभयो। सो कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा सांसद बद्री पाण्डे, ट्रेड युनियन कांग्रेसका उपाध्यक्ष नेत्र बिक्रम थापा, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिका अध्यक्ष पदमराज रेग्मी, रा.बा.बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष हेमराज सुवेदी, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका अध्यक्ष दिपेन्द्र काकी लगायतले आजको सन्दर्भमा वि.पी.को विचार र ट्रेड युनियन अधिकारका विषयमा धारणा राख्नु भएको थियो। सो कार्यकम नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंकका बरिष्ठ उपाध्यक्ष ईश्वरबहादुर सिंहले स्वागत मन्तब्य र महासचिव मिलनबाबु नेपालले संचालन गर्नुभएको थियो। कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत, नायब महाप्रवन्धकहरु, विभागीय प्रमुखहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# राबियाको तीज कार्यक्रम सम्पन्न




**काठमाडौं, १६ भदौ**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय महिला विभागको आयोजनामा महिलाहरुको महान चाड हरितालिका तीजको अवसरमा प्रशिक्षण, नाचगान, दर खाने तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ। रावा बैंक कर्मचारी संघ नेपालकी उपमहासचिव एवं केन्द्रीय महिला विभागकी ईन्चार्ज लक्ष्मी ज्ञवालीको अध्यक्षतामा आयोजीत सो कार्यकमको प्रमुख आतिथ्यता प्रतिनीधि सभाका उपसभामुख शिवमाया तुम्बाहाम्फेले गर्नुभएको थियो। सो कार्यकममा बैंक, बीमा वित्तीय क्षेत्र कर्मचारी संघ, बिफुका महासचिव योगेन्द्रबहादुर सींह, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष हेमराज सुवेदीले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो। कार्यकममा मनोविद् बासु आचार्यले तनाब व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिनुभएको थियो। कार्यकममा बैंकका पूर्व कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो।

# फियनको तीज कार्यक्रम सम्पन्न



**काठमाडौं, १५ भदौ**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय महिला विभागको आयोजनामा नेपाली महिलाहरुको महान चाड हरितालिका तीजको अवसरमा शुभकामना आदन प्रदान तथा दर खाने कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रम नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. की केन्द्रीय उपाध्यक्ष तथा महिला विभाग संयोजक जान्हबी खनालको सभापतित्व तथा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य रमा पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। सो कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिकी महिला संयोजक, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि अध्यक्ष गगनसिंह घिमिरे, रा.बा.बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी समेतले उपस्थित महिलाहरुमा तीजको शुभकामना दिनु भएको थियो। कार्यक्रममा बैंकका पूर्व कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो।

## मानव संशाधन

## मिति २०७५ साउन १ गते देखि असोज मसान्त सम्म भएका सरुवा विवरण:

| क.सं. | नाम | क.न. | कार्यरत कार्यालय | सरुवा भएको कार्यालय | तह | पद |
|---|---|---|---|---|---|---|
| मिति – २०७५।०४।०८ | | | | | | |
| १ | श्री सुधिर किशोर लुईटेल | १२४३८ | धनगढी | बिर्तामोड | ७ | स.शाखा प्रबन्धक |
| २ | श्री शुशिल कुमार पाल | १२२६४ | गाईघाट | गाईघाट | ६ | स.शाखा प्रबन्धक |
| ३ | श्री जुनेश आचार्य | १२२३७ | धनकुटा | नारायणगढ | ६ | स.शाखा प्रबन्धक |
| ४ | श्री शिव राज जोशी | १०९३९ | डडेल्धुरा | डडेल्धुरा | ५ | स.शाखा प्रबन्धक |
| ५ | श्री जगत सिंह ठगुन्ना | ११५५३ | दिपायल | दार्चुला | ५ | स.शाखा प्रबन्धक |
| ६ | श्री श्याम शहादुर खड्का | १२३२३ | डोटी | डोटी | ५ | ब. स. (नगद) |
| ७ | श्री बिनिता श्रेष्ठ | १२१९० | भिमान | भिमान | ५ | स.शाखा प्रबन्धक |
| ८ | श्री सज्जन मरहठ्ठा | १२४३० | बर्दघाट | बर्दघाट | ६ | स.शाखा प्रबन्धक |
| ९ | श्री कृष्ण आचार्य | ११५६१ | रामेछाप | तालिम तथा बिकास बिभाग | ५ | बरिष्ठ सहायक |
| १० | श्री रामेश्वर खनाल | ११६०९ | बागलुङ्ग | पार्दी | ७ | शाखा प्रबन्धक |
| ११ | श्री बिजय प्रकाश पौडेल | ११७४७ | बागलुङ्ग | बागलुङ्ग | ५ | शाखा प्रबन्धक |
| १२ | श्री संदिपकुमार चौधरी | ११८४९ | सु.ब.बिराटनगर | के.का.मा.सं.सा.बिभाग | ४ | सहायक (कम्प्यूटर) |
| १३ | श्री प्रकाश गैरे | १२०४० | लुखु देउराली | स्याङ्गजाबजार | ६ | शाखा प्रबन्धक |
| १४ | श्री मनोज थामसुहाङ्ग | ११७१६ | इलामबजार | ईलामबजार | ६ | स.शाखा प्रबन्धक |
| १५ | श्री मदन कुमार बरई | ११९६७ | सु.ब.भैरहवा | भैरहवा | ३ | कनिष्ठ सहायक |
| १६ | श्री भगवान दास गुप्ता | १०११२ | कोटीहवा | सु ब.भैरहवा | ५ | बरिष्ठ सहायक |
| १७ | श्री मिरा ज्ञवाली | १२१८५ | बुटवल | के.का. ट्रेजरी बिभाग | ६ | सहायक प्रबन्धक |
| १८ | श्री बिदुश नेपाल | १२२४१ | कोटीहवा | कर्पोरेट शाखा | ६ | सहायक प्रबन्धक |
| १९ | श्री राजन घिमिरे | १२२४२ | तुल्सीपुर | बुटवल | ६ | सहायक प्रबन्धक |
| २० | श्री राजेश कुमार क्षेत्री | १२२८४ | सन्धिखर्क | सन्धिखर्क | ५ | नगद सहायक |
| २१ | श्री कल्पना दाहाल | १२२७० | भकुण्डेबेसी | बानेश्वर | ५ | बरिष्ठ सहायक |
| २२ | श्री बसन्ता पन्थी | ११९०६ | तालचोक | स.तथा सा.म.क.बि. | ६ | सहायक प्रबन्धक |
| २३ | श्री अनिता तजले | १२२४० | अमरसिंहचोक | स▯र्य बिनायक | ६ | स.शाखा प्रबन्धक |
| २४ | श्री सुष्मा वाग्ले | १२२५३ | रत्ननगर | स.तथा सा.म.क.बि. | ६ | सहायक प्रबन्धक |
| २५ | श्री एलिसा खरेल | १२३३६ | सुनवल | ललितपुर | ४ | सहायक |
| मिति – २०७५।०४।१८ | | | | | | |
| १ | श्री कमलेश झा | ११५७४ | सिरहा | सिरहा | का.मु ७ | शाखा प्रबन्धक |
| २ | श्री जितेन्द्र सिंह थापा | ९३०२ | प्र.का.का.अ.कार्यालय | ब्रान्च अपरेशन बिभाग | ७ | उप प्रबन्धक |
| ३ | श्री लक्ष्मी प्रसाद पाण्डे | ११४११ | स▯चना प्रबिधि बिभाग | प्र.का.का.अ.कार्यालय | ६ | प्र.का.का.अ.कार्यलय |
| ४ | श्री सुमन गुरुङ्ग | १०५२७ | स्याङ्गजाबजार | क्षे.का. पोखरा | ७ | उप-प्रबन्धक |
| ५ | श्री सुरेन्द्र यादब | १२४४२ | दरबारमार्ग | स.तथा सा.म.क.बिभाग | ७ | उप-प्रबन्धक |
| ६ | श्री कल्याण घिमिरे | १०६६५ | ईटहरी | बिराटनगर | ७ | उप-प्रबन्धक |
| ७ | श्री छत्र बहादुर ढकाल | १२१०७ | दिङ्गला | झापाबजार | ५ | स.शाखा प्रबन्धक |
| ८ | श्री निर्मला सुनार | १२२०९ | महेन्द्रपुल | बालाजु | ५ | नगद सहायक |
| ९ | श्री संझना सापकोटा | १२३३० | बुटवल खस्यौली | गौशाला | ४ | सहायक |
| १० | श्री रोम प्रसाद सिल्वाल | ११५९३ | सिमरा | लालबन्दी | ७ | शाखा प्रबन्धक |
| ११ | श्री राम कुमार तामाङ्ग | १०८४८ | बिर्तामोड | बिर्तामोड | ५ | बरिष्ठ सहायक |
| १२ | श्री संगिता जोशी | १०८५६ | इ-बैकिङ्ग बिभाग | मानव संशाधन बिभाग | ५ | बरिष्ठ सहायक |
| १३ | श्री नारायण प्रसाद ढकाल | ९७०८ | मार्केटिङ्ग तथा बिकास बिभाग | इलेक्ट्रोनिक बैंकिङ्ग बिभाग | ५ | सहयोगी |
| १४ | श्री अबिता श्रेष्ठ | ११८७९ | बर्दिबास | बित्त बिभाग | ६ | सहायक प्रबन्धक |
| १५ | श्री कमलेश स्थापित | १२२४५ | बिरगंज | भोटाहिटी | ६ | सहायक प्रबन्धक |
| १६ | श्री अमित भगत | १२२६२ | गौर | स.तथा सा.म.क.बिभाग | ६ | सहायक प्रबन्धक |
| १७ | श्री शुशिला श्रेष्ठ | १२२६० | श्रीपुर | ट्रेजरी बिभाग | ६ | सहायक प्रबन्धक |
| १८ | श्री स्वेता पन्त | १२१३३ | बित्त बिभाग | क्षे.का. बिराटनगर | ७ | उप प्रबन्धक (लेखा) |
| १९ | श्री गोरख बहादुर शाही | ११४०७ | मेहल्कुना | बित्त बिभाग | ६ | सहायक प्रबन्धक |
| २० | श्री चिरञ्जबी गिरी | ११८२७ | कोहलपुर | मेहल्कुना | ६ | शाखा प्रबन्धक |
| २१ | श्री अनिल भण्डारी | ११९३७ | दमक | शिवगंज | ५ | सहायक शाखा प्रबन्धक |
| २२ | श्री टिका राज रिजाल | १२२१७ | बिरगंज | बिरगंज | ८ | शाखा प्रबन्धक |
| २३ | श्री रमेश प्रसाद चौलागाई | ११८२१ | मन्थली | नक्साल | ५ | ब.स. (क.अपरेटर) |
| २४ | श्री धर्म बहादुर बिष्ठ | १२००८ | श्रीपुर बेलौरी | महेन्द्रनगर | ३ | कनिष्ठ सहायक |
| २५ | श्री ज्योती भण्डारी | १२२७२ | दमौली | थापाथली किल्यरिङ्ग | ५ | बरिष्ठ सहायक |
| २६ | श्री उमा थपलिया | १२३२८ | सिन्धुली | थापाथली किल्यरिङ्ग | ४ | सहायक |
| २७ | श्री मिन कुमार श्रेष्ठ | १०९४२ | भोजपुर | त्रि.अ.बि. | ५ | नगद सहायक |
| २८ | श्री करिष्मा थापा | १२२५४ | सिन्धुली | ललितपुर | ५ | बरिष्ठ सहायक |
| २९ | श्री अनिल खनाल | १०६५५ | सु.ब.भैरहवा | क्षे.का.पोखरा | ५ | बरिष्ठ सहायक |
| ३० | श्री साम्राज्य शाक्य | ११५५२ | थापाथली | मा.सं. बिभाग | ५ | ब.स.(क.अपरेटर) |
| ३१ | श्री ओम बहादुर शाही | १०९१३ | सुर्खेत | जुम्ला | ६ | शाखा प्रबन्धक |
| ३२ | श्री ईश्वरी बहादुर शाही | ११४१२ | जुम्ला | थापाथली किल्यरिङ्ग | ६ | सहायक प्रबन्धक |
| ३३ | श्री महेन्द्र गुरुङ्ग | ११५९७ | स.सा.म.क.बिभाग | कलंकी | ७ | शाखा प्रबन्धक |
| ३४ | श्री संगम पौडेल | ११४९७ | सुचना प्रबिधि बिभाग | स.तथा सा.म.क.बिभाग | ५ | ब.स.(क.अपरेटर) |
| ३५ | श्री अम्बिका पौडेल | ११६५६ | ध.महेन्द्रनगर | बित्त बिभाग | ६ | सहायक प्रबन्धक |
| ३६ | श्री सुबाश घिमिरे | ११६९६ | क्षे.का.बिरगंज | स.तथा सा.म.क.बिभाग | ७ | उप प्रबन्धक(कृषि) |
| ३७ | श्री जनक बहादुर शाही | ९९२१ | भुरिगांउ | क्षे.का.नेपालगंज | ५ | बरिष्ठ सहायक |
| ३८ | श्री प्रकृती श्रेष्ठ | ११८५६ | नक्साल | इलेक्ट्रोनिक बैंकिङ्ग बिभाग | ५ | ब.स. (क.अपरेटर) |
| ३९ | श्री चेतमान साउँद | १२३१४ | गुलरिया | भुरिगाउ | ५ | नगद सहायक |
| ४० | श्री राजु तिवारी | ११०५४ | सं.तथा सा.म.क.बिभाग | महाराजगंज | ८ | शाखा प्रबन्धक |
| ४१ | श्री सरोज बस्नेत | १११९४ | महाराजगंज | कर्पोरेट शाखा | ९ | शाखा प्रबन्धक |
| ४२ | श्री शिवराज दाहाल | १२१८२ | सु.ब.बिराटनगर | बिर्त्तामोड | ५ | नगद सहायक |
| ४३ | श्री सुभाष काफ्ले | ११९३९ | बित्तामोड | दमक | ३ | कनिष्ठ सहायक |
| ४४ | श्री परशुराम माझी | ११६३८ | सिरहा | सुखिपुर | ५ | स.शाखा प्रबन्धक |
| ४५ | श्री बिनोद भट्टराई | १२१०६ | भोजपुर | बसन्तपुर | ५ | स.शाखा प्रबन्धक |
| ४६ | श्री बरुण कुमार कडरिया | ११५५९ | मन्थली | बानेश्वर | ५ | बरिष्ठ सहायक |
| ४७ | श्री मैया भण्डारी | १२२८९ | धादिङ्ग | गौशाला | ५ | नगद सहायक |
| ४८ | श्री बलराम सुबेदी | १००७४ | गौशाला | त्रि.अ.बि.शाखा | ५ | बरिष्ठ सहायक |
| ४९ | श्री सुनिल श्रेष्ठ | ११५४२ | टेकु | अ.शा.हि.मि.बिभाग | ५ | ब.स. (क.अपरेटर) |
| ५० | श्री अमृत पौडेल | १२४४६ | दरबारमार्ग | कम्प्लायन्स बिभाग | ५ | बरिष्ठ सहायक |
| ५१ | श्री संदिप पौडेल | १२१९६ | भैरहवा | लुंखुदेउराली | ५ | नि. शाखा प्रबन्धक |
| ५२ | श्री नवराज आचार्य | १०४७८ | त्रि.अ.बि. | भोटाहिटी | ५ | बरिष्ठ सहायक |
| ५३ | श्री सृजना बस्नेत | १२२२८ | महेन्द्रपुल | स.तथा सा.म.क.बिभाग | ६ | सहायक प्रबन्धक |
| ५४ | श्री विनय रमण पौडेल | ११४८४ | कर्पोरेट शाखा | मानव संशाधन बिभाग | १० | विभागीय प्रमुख |
| ५५ | श्री उमा बस्नेत | १२०७२ | भोटाहिटी | बित्त बिभाग | ६ | सहायक प्रबन्धक |
| ५६ | श्री दिपकराज न्यौपाने | १११७१ | बिरगञ्ज | तालिम तथा बिकास विभाग | ९ | उप-प्रमुख |
| ५७ | श्री राज्य लक्ष्मी खड्गी | १११६४ | स.तथा सा.म.क.बिभाग | ब्राञ्च अपरेशन बिभाग | ९ | उप-प्रमुख |
| ५८ | श्री बेनी श्रेष्ठ | १२४८४ | स.तथा सा.म.क.बिभाग | स.तथा सा.म.क.बिभाग | ९ | उप-प्रमुख |
| ५९ | श्री ओम प्रकाश कानु | १२०७१ | सिन्धुली | सिमरा | ६ | शाखा प्रबन्धक |
| ६० | श्री डम्बर बहादुर थापा | ११०३१ | क्षे.का.बिराटनगर | क्षे.का.बिराटनगर | ५ | आ.ले.प.(ईकाइ) |
| मिति – २०७५।०४।२९ | | | | | | |
| १ | श्री बिष्णु प्रसाद उपाध्याय | १२१६९ | चौमाला | चौमाला | ४ | सहायक |
| २ | श्री माधब घिमिरे | ११९६३ | सन्धिखर्क | सन्धिखर्क | ३ | कनिष्ठ सहायक |
| ३ | श्री द्वारिका दाहाल | ११९३८ | पशुपतिनगर | पशुपतिनगर | ६ | शाखा प्रबन्धक |
| ४ | श्री दिपा निरौला | १२६३३ | पशुपतिनगर | पशुपतिनगर | ५ | नगद सहायक |
| ५ | श्री सुन्दर सुवाल | ११७८५ | साघुटार | साघुटार | ६ | शाखा प्रबन्धक |
| ६ | श्री अरबिन्द कुमार झा | १२२०१ | गंजभवानीपुर | गंजभवानीपुर | ६ | शाखा प्रबन्धक |
| ७ | श्री आशिष श्रेष्ठ | १२६१२ | गंजभवानीपुर | गंजभवानीपुर | ५ | नगद सहायक |
| मिति – २०७५।०५।०१ | | | | | | |
| १ | श्री रुपक चन्द्र अमात्य | ९९७८ | व्य.सु.प्र.तथा बजेट विभाग | व्य.सु.प्र.तथा बजेट विभाग | ९ | नि.विभागीय प्रमुख |
| २ | श्री शिव कुमार अधिकारी | १०३६८ | कानुन विभाग | कानुन विभाग | ९ | नि.विभागीय प्रमुख |
| ३ | श्री ऋषभ भट्टराई | १११७६ | क्षे.का.बिराटनगर | क्षे.का.बिराटनगर | ९ | नि.क्षे.का.प्रमुख |
| ४ | श्री गायत्री श्रेष्ठ | ११२०८ | क.अ.तथा पु.सं.विभाग | क.अ.तथा पु.सं.विभाग | ९ | नि.विभागीय प्रमुख |
| ५ | श्री बिनोद पाण्डे | ११०६८ | बुढानिलकण्ठ | बुटवल (खसौंली) | ८ | शाखा प्रबन्धक |
| ६ | श्री शंकर प्रसाद रेग्मी | ११०७६ | आ.ले.प.विभाग | बरगाछी | ८ | शाखा प्रबन्धक |
| ७ | श्री फौद बहादुर सुनुवार | ११०७९ | जनकपुर | ठमेल | ८ | शाखा प्रबन्धक |
| ८ | श्री पवन सापकोटा | ११२१८ | सिन्धुली | आ.ले.प.विभाग | ८ | प्रबन्धक |
| ९ | श्री बिनोद पौडेल | ११०८४ | नक्साल | बुढानिलकण्ठ | ७ | शाखा प्रबन्धक |
| १० | श्री अमरेन्द्र रैनियार | ११०९७ | बिराटनगर | क्षे.का.बिराटनगर | ७ | उप प्रबन्धक |
| ११ | श्री रेणुका कुमारी राजवंशी | ११५७० | देवकोटाचोक | देवकोटाचोक | ७ | स.शाखा प्रबन्धक |
| १२ | श्री राजु काफ्ले | ११५८२ | भद्रपुर | उर्लावारी | ७ | शाखा प्रबन्धक |
| १३ | श्री शिरोमणि बराल | ११५८३ | दिक्तेल | आ.ले.प.विभाग | ७ | उप प्रबन्धक |
| १४ | श्री रञ्जिता कुमारी | ११५८४ | धनुषा महेन्द्रनगर | जनकपुर | ७ | शाखा प्रबन्धक |
| १५ | श्री त्रिचन्द्र भण्डारी | ११६१४ | गुलरिया | धनगढी | ७ | स.शाखा प्रबन्धक |
| १६ | श्री खिलराज भट्टराई | ११६२८ | जो.व्य.तथा क.अ.विभाग | सिन्धुली | ७ | शाखा प्रबन्धक |
| १७ | श्री उज्जल ढकाल | ११६९७ | क्षे.का.काठमाण्डौ | सं.तथा सा.म.क.विभाग | ७ | उप प्रबन्धक (कृषि) |
| १८ | श्री शैलेस पौडेल | १२४४१ | मु.शा.का. | व्य.सु.प्र.तथा बजेट विभाग | ७ | उप प्रबन्धक (लेखा) |
| १९ | श्री श्यामराज भण्डारी | ८११२ | बानेश्वर | वित विभाग | ६ | सहायक प्रबन्धक |
| २० | श्री पुर्णमान महर्जन | १००८१ | थापाथली क्लियरिङ्ग | तालिम तथा विकास विभाग | ६ | सहायक प्रबन्धक |
| २१ | श्री प्रदिप राजभण्डारी | १०२३२ | दिक्तेल | दिक्तेल | ६ | शाखा प्रबन्धक |
| २२ | श्री देव नारायण चौधरी | १०३८३ | बेलटार | बेलटार | ६ | सहायक प्रबन्धक |
| २३ | श्री गुरु दयाल यादव | १०५०३ | राजविराज | राजविराज | ६ | स.शाखा प्रबन्धक |
| २४ | श्री राम बहादुर शाह | १०५५२ | जलेश्वर | धनुषा महेन्द्रनगर | ६ | शाखा प्रबन्धक |
| २५ | श्री नारायण प्रसाद पौडेल | १०६६१ | जो.व्य.तथा क.अ.विभाग | तालिम तथा विकास विभाग | ६ | सहायक प्रबन्धक |
| २६ | श्री नेत्र बहादुर खड्का | १०६८२ | महाराजगंज | कानुन विभाग | ६ | सहायक प्रबन्धक |
| २७ | श्री विष्णु बहादुर बस्नेत | ११४६३ | मानेभञ्ज्याङ्ग | ब्रान्च अपरेशन विभाग | ६ | सहायक प्रबन्धक |
| २८ | श्री ल:ज श्रेष्ठ | ११५४७ | गोरखा | ब्रान्च अपरेशन विभाग | ६ | सहायक प्रबन्धक |
| २९ | श्री केदार के.सी. | ११५५८ | रातामाटा | रातामाटा | ६ | शाखा प्रबन्धक |
| ३० | श्री नारायण पण्डित | ११६३१ | बेलटार | बेलटार | ६ | शाखा प्रबन्धक |
| ३१ | श्री अभिशेक श्रेष्ठ | ११६८० | पु.तथा स.क.विभाग | कलंकी | ६ | स.शाखा प्रबन्धक |
| ३२ | श्री नविन ढकाल | ११६८३ | जो.व्य.तथा क.अ.विभाग | बालाजु | ६ | स.शाखा प्रबन्धक |
| ३३ | श्री ज्ञानेन्द्र कुमार बल | ११८७८ | भोजपुर | मानेभञ्ज्याङ्ग | ६ | शाखा प्रबन्धक |
| ३४ | श्री धर्मेन्द्र महतो | ११८९२ | कलैया | बिरगंज | ६ | सहायक प्रबन्धक |
| ३५ | श्री रिना गुरुङ्ग | १२०८९ | बानेश्वर | जो.व्य.तथा क.अ.विभाग | ६ | सहायक प्रबन्धक |
| ३६ | श्री अमृत के.सी. | १२२२९ | पाल्पा | पाल्पा | ६ | स.शाखा प्रबन्धक |
| ३७ | श्री पुजा रञ्जितकार | १२२३१ | भद्रपुर | सं.तथा सा.म.क.विभाग | ६ | सहायक प्रबन्धक |
| ३८ | श्री अर्ज(न तिवारी | १२२३५ | बेनिबजार | बेनिबजार | ६ | शाखा प्रबन्धक |
| ३९ | श्री हिमलाल खनाल | १२२४६ | गुलरिया | गुलरिया | ६ | शाखा प्रबन्धक |
| ४० | श्री सोमनाथ पौडेल | १२२४७ | सुर्खेत | क्षे.का.पोखरा | ६ | सहायक प्रबन्धक |
| ४१ | श्री शिव शंकर यादव | १२२६१ | राजविराज | जलेश्वर | ६ | शाखा प्रबन्धक |
| ४२ | श्री शंकर सिंह | ११५३९ | मानेभञ्ज्याङ्ग | नेचाविहिवारे | ५ | नि.शाखा प्रबन्धक |
| ४३ | श्री दरो राम | ११६३२ | राजविराज | कठौना | ५ | नगद सहायक |
| ४४ | श्री सुरेश कुमार खत्री | १२१६६ | दैलेख | दैलेख | ४ | नगद सहायक |
| ४५ | श्री मेदिनी विलास घिमिरे | १११०८ | ताल्चोक | क्षे.का.पोखरा | ८ | प्रबन्धक |
| मिति – २०७५।०५।१० | | | | | | |
| १ | श्री ध्रुव प्रसाद अर्याल | १११७ | सामान्य सेवा विभाग | सामान्य सेवा विभाग | ९ | नि.विभागीय प्रमुख |
| मिति – २०७५।०५।२६ | | | | | | |
| १ | श्री श्याम कुमार ठाकुर | १००१२ | क्षे.का.बिरगंज | क्षे.का.बिरगंज | ९ | नि.क्षे.का.प्रमुख |
| २ | श्री सोनी श्रेष्ठ | ११२१९ | क्षे.का.काठमाण्डौ | क्षे.का.काठमाण्डौ | ९ | नि.क्षे.का.प्रमुख |
| ३ | श्री राज्य लक्ष्मी खड्गी | १११६४ | ब्रान्च अपरेशन विभाग | ब्रान्च अपरेशन बिभाग | ९ | नि.विभागीय प्रमुख |
| ४ | श्री कृष्ण साह | ११४७२ | जो.व्य.तथा क.अ.विभाग | कम्प्लायन्स बिभाग | ९ | उप प्रमुख |
| ५ | श्री संदिप जंग कार्की | ११२०१ | पु.तथा स.क.विभाग | पु.तथा स.क.विभाग | ९ | उप प्रमुख |
| ६ | श्री शर्मिला ढ(ङ्गाना | १२२९४ | इलामबजार | इलामबजार | ५ | नगद सहायक |
| ७ | श्री प्रविन क§]n | १२११५ | फिक्कल | कटहरी | ५ | स.शाखा प्रबन्धक |
| ८ | श्री केन्दिप श्रेष्ठ | ११८७५ | धनकुटा | धनकुटा | ६ | स.शाखा प्रबन्धक |
| ९ | श्री अरुण अधिकारी | १२६२३ | चैनपुर | चैनपुर | ५ | स.शाखा प्रबन्धक |
| १० | श्री सुमन रखाल | १२५३१ | भोजपुर | भोजपुर | ६ | स.शाखा प्रबन्धक |
| ११ | श्री सुशिल कुमार महतो | १२५४३ | खाँदवारी | खाँदवारी | ६ | स.शाखा प्रबन्धक |
| १२ | श्री विवेक दाहाल | १२५१७ | फिक्कल | फिक्कल | ६ | स.शाखा प्रबन्धक |
| १३ | श्री मञ्जुर राईन | १२५३० | सिरहा | सिरहा | ६ | स.शाखा प्रबन्धक |
| १४ | श्री गुरु प्रसाद राई | १२३९७ | भद्रपुर | भद्रपुर | ६ | स.शाखा प्रबन्धक |
| १५ | श्री आनन्द भट्टराई | १२५९५ | दिङ्गला | दिङ्गला | ५ | स.शाखा प्रबन्धक |
| १६ | श्री छविलाल चौधरी | ९३७७ | दुहवी | दुहवी | ५ | स.शाखा प्रबन्धक |
| १७ | श्री प्रतिमा वान्तवा | १२६४६ | जीतपुर | जीतपुर | ६ | स.शाखा प्रबन्धक |
| १८ | श्री कल्याण घिमिरे | १०६६५ | बिराटनगर | बिराटनगर | ७ | स.शाखा प्रबन्धक |
| १९ | श्री शिव पौडेल | १२०६५ | सु.व.बिराटनगर | गाईघाट | ६ | शाखा प्रबन्धक |
| २० | श्री प्रियंका शाह | १२२६३ | सु.व.बिराटनगर | सु.व.बिराटनगर | ६ | स.शाखा प्रबन्धक |
| मिति – २०७५।०६।१९ | | | | | | |
| १ | श्री कृष्ण साह | ११४७२ | कम्प्लायन्स विभाग | कम्प्लायन्स विभाग | ९ | नि.विभागीय प्रमुख |
| २ | श्री दिपक राज न्यौपाने | १११७१ | तालिम तथा विकाश विभाग | तालिम तथा विकाश विभाग | ९ | नि.विभागीय प्रमुख |
| ३ | श्री सविना तण्डुकार | ११६७९ | शाखा कार्यालय, कर्पोरेट | शाखा कार्यालय, कर्पोरेट | ७ | शाखा सहायक प्रबन्धक |
| ४ | श्री द्धौपायन रेग्मी | १२६४७ | शाखा कार्यालय, हाङ्गपाङ्ग | शाखा कार्यालय, हाङ्गपाङ्ग | ६ | शाखा प्रबन्धक |
| ५ | श्री विनोद राई | १२६१८ | शाखा कार्यालय, हाङ्गपाङ्ग | शाखा कार्यालय, हाङ्गपाङ्ग | ५ | शाखा सहायक प्रबन्धक |
| ६ | श्री अर्जुन थलङ्ग लिम्बु | १२८२९ | शाखा कार्यालय, हाङ्गपाङ्ग | शाखा कार्यालय, हाङ्गपाङ्ग | ४ | नगद सहायक |
| ७ | श्री रामकृष्ण दवाडी | १००८९ | शाखा कार्यालय, कंलकी | शाखा कार्यालय, कंलकी | ६ | शाखा सहायक प्रबन्धक |
| ८ | श्री दिपक तिबारी | १२०४६ | शाखा कार्यालय, भरतपुर | शाखा कार्यालय, भरतपुर | ५ | नगद सहायक |
| ९ | श्री सन्ध्या सिंह | ११६७४ | सं.तथा स.म.क.विभाग | वित विभाग | ८ | प्रबन्धक (लेखा) |
| १० | श्री खगेन्द्र कन्दङ्वा | १२२५६ | शाखा कार्यालय, हाङ्गपाङ्ग | शाखा कार्यालय, शिवगंज | ६ | शाखा प्रबन्धक |
| ११ | श्री सरोज ग:सी श्रेष्ठ | १२३०२ | शाखा कार्यालय, नारायणगढ | शाखा कार्यालय, गजुरी | ५ | नगद सहायक |
| १२ | श्री विष्णु प्रसाद आचार्य | १०३११ | शाखा कार्यालय, गजुरी | शाखा कार्यालय, रत्नगर | ५ | नगद सहायक |
| १३ | श्री अनिल खनाल | १०६५५ | क्षे.का.पोखरा | क्षे.का.पोखरा(आ.ले.प.इकाई) | ५ | बरिष्ठ सहायक |
| १४ | श्री वासुदेव वराल | १००२० | धरान | क्षे.का.बिराटनगर (आ.ले.प.इकाई) | ८ | प्रबन्धक |
| १५ | श्री हरिबाबु अचार्य | ११११० | क्षे.का.बिराटनगर (आ.ले.प.इकाई) | धरान | ८ | शाखा प्रबन्धक |
| १६ | श्री जगजिवन राम श्रेष्ठ | १०११५ | क्षे.का.पोखरा | सम्पती व्यवस्थापन विभाग | ९ | विभागीय उप प्रमुख |
| १७ | श्री ऋषिराम ढकाल | १११८७ | क्षे.का.पोखरा | क्षे.का.पोखरा | ९ | नि.क्षेत्रिय प्रमुख |

# राष्ट्रिय वाणिज्य बैंक लि. र नेशनल बैंकिङ्ग इन्ष्टिच्युट लि.(NBI)बीच सम्झौता




**काठमाडौं, १ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेशनल बैंकिङ्ग इन्ष्टिच्युट लिमिटेड (NBI) बीच बैंकिङ्ग तालिम संचालन गर्ने सम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेशनल बैंकिङ्ग इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत संजीब सुब्बाले हस्ताक्षर गर्नुभएको छ । उक्त सम्झौता भएपश्चात आ.ब. २०७५/०७६ मा राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरुको कार्यदक्षता अभिबृद्धिको लागि नेशनल बैंकिङ्ग इन्ष्टिच्युटले विभिन्न विषयमा नियमित रुपमा बैंकिङ्ग तालिम प्रदान गर्ने छ । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, नायव महाप्रवन्धक सुशिल श्रेष्ठ, विभागीय प्रमुख कपिलमणि ज्ञवाली, मित्रलाल पंज्ञानी, विभागीय उप प्रमुख भीमप्रसाद घिमिरे, नेशनल बैंकिङ्ग इन्ष्टिच्युटका तर्फबाट हेड अफ प्रोग्राम धन थापा, कन्सल्टैण्ट बासुदेब अधिकारीको उपस्थिती रहेको थियो ।

# रावा बैंक र क.स. कोष बीच सम्झौता

**काठमाडौं, २८ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र कर्मचारी सञ्चय कोष बीच कोषका सञ्चयकर्तालाई सेवा प्रदान गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र कर्मचारी सञ्चय कोषका प्रशासक तुलसीप्रसाद गौतमले हस्ताक्षर गर्नुभएको छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले दुई ठूला वित्तीय कारोबार गर्ने सरकारी संस्थाहरु बीच भएको यस



सम्झौताबाट सञ्चयकर्तालाई अझ सिघ्र र प्रभावकारी ढंगबाट आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्न सकिने बताउनुभयो । त्यैगरी कोषका प्रशासक तुलसीप्रसाद गौतमलले हाल कोषमा करिब छ लाख सञ्चयकर्ता रहेको र देशकै ठूलो बैंक र ठूलो फण्ड म्यानेजर बीचको यो सम्झौता वित्तीय क्षेत्रको सेवा प्रवाहमा कोशेढुङ्गा सावित हुने बताउनुभयो ।

उक्त सम्झौता भएपश्चात कर्मचारी सञ्चय कोषले आफ्ना सञ्चयकर्ताहरुलाई प्रदान गर्ने कर्जा सापटी, कोषको रकम भुक्तानी, विशेष सापटी तथा अन्य भुक्तानी अब राष्ट्रिय वाणिज्य बैंकको कर्पोरेट इन्टरनेट बैंकिङ्ग डिजिटल सेवा मार्फत राष्ट्रिय वाणिज्य बैंकमा रहेको सञ्चयकर्ताको खातामा सिधै रकम जम्मा हुने छ ।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंक तथा कर्मचारी सञ्चय कोषका वरिष्ठ अधिकारीहरुको उपस्थिति रहेको थियो ।

## ब्रान्च प्रोफाइल

# शाखा कार्यालय लमही (४२९)

**(आ.व २०७३।०७४ को घ वर्गका शाखाहरु मध्ये प्रथम)**



| | | |
|---|---|---|
| **निक्षेप** | :– | **रू. ४८,९७,०९,४६८।५४** |
| **कर्जा** | :– | **रू. ७२,६६,०५,०६२।६०** |
| **ग्राहक संख्या** | :– | **१२२२८** |
| **कर्मचारी संख्या** | :– | **७** |
| **प्रति कर्मचारी निक्षेप** | :– | **रू. ६,९९,५८,४९५।५१** |
| **प्रति कर्मचारी कर्जा** | :– | **रू. १०,३८,००,७२३।२९** |
| **मुनाफा** | :– | **रू. ६,६२,३२,८९५।३९** |
| NPA **प्रतिशत** | :– | **०।८०** |
| **शाखा प्रबन्धक** | :– | **श्रीधर घिमिरे** |

**सफलताको सूत्र :**

ग्राहकमैत्री व्यवहार, काम प्रति कर्मचारीको उच्च लगाव, मेहनेती कार्य समुह, क्षे.का., के.का. को सहयोग तथा मार्गदर्शन ,सकारात्मक सोच, सकारात्मक कार्य वातावरण, सरोकारवाला तथा स्थानीयको सहयोग तथा मार्गदर्शन ।

# समवेदना

यस बैंकको शा.का. नारायणपुरमा कार्यरत बरिष्ठ सहायक नरेशध्वज शाही (७६१८) की आमा वृहस्पति शाही, शाखा कार्यालय गाइघाटमा कार्यरत नगद सहायक शम्भुराज निरौला (१०८१६) की आमा सुशिला निरौला, शा.का.बाग्लुङ्ग बजारमा कार्यरत कनिष्ठ सहायक शुष्मा शर्मा (११८९७) की ससुरा नरहरि खनाल, के.का.सामान्य सेवा विभागमा कार्यरत सवारी चालक श्याम बहादुर बल (१२२१६) की छोरी सृजना बल, शा.का. भोजपुरमा कार्यरत कनिष्ठ सहायक ज्ञानेन्द्रबहादुर बल (११८७८) को बुबा चन्द्रकुमार बल, शा.का. जनकपुरमा कार्यरत बरिष्ठ सहायक लक्ष्मीकान्त झा (१०५३३) को बुबा यालचन्द्र झा, मू.शा.का.मा कार्यरत सहायक प्रवन्धक मदन थापा (९६१६) की आमा शान्ति कुमारी थापा, शा.का. अत्तरीयामा कार्यरत बरिष्ठ सहायक डम्बरराज पनेरु (१०७३६) की आमा देवादेबी पनेरु, मू.शा.का. मा कार्यरत सहायक प्रवन्धक शिवप्रसाद गौतम (१०६५७) को बुबा देबीप्रसाद गौतम, शा.का. भैरहवामा कार्यरत बरिष्ठ सहायक देबनारायण चौधरी (१०४७९) को छोरा बिमल चौधरी, शा.का.ठमेलमा कार्यरत कम्प्युटर सहायक रुद्रप्रसाद अधिकारी (१२१४१) को छोरा रियान अधिकारी, शा.का. गौरमा कार्यरत बरिष्ठ सहायक शान्ता पाख्रीन (११६४९) की ससुरा बजिरे साउद, के.का.कर्जा असुली तथा पुनरसंरचना विभागमा कार्यरत बरिष्ठ कार्यालय सहयोगी सुदर्शन थापा (९७३४) को बुबा टुप्पा सिंह थापा, शा.का. बरगाछीमा कार्यरत नगद सहायक ईश्वरकुमार पोखरेल (६९५३) की आमा ललितादेबी पोखरेल, के.का. मानव संशाधन विभागमा कार्यरत बरिष्ठ सहायक(क) मिरा डंगोल (११५२३) की ससुरा राधाकृष्ण डंगोलको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Tek Raj Joshi, DGM & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chapakhana, Lokanthali, Bhaktapur, Tel: 9851039361